शैल्यशिखर नगरपालिका द्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ४७ मितिः २०८२/०२/३०

भाग-१

शैल्यशिखर नगरपालिका

# आपतकालीन बाल उद्धारकोष सञ्चालन निर्देशिका, २०८२

| | |
|---|---|
| नगरसभाबाट स्वीकृत मिति | २०८०/०२/३० |

# आपतकालिन वाल उद्धारकोष संञ्चालन निर्देशिका,२०८२

## परिचयः

बालबालिकाहरु शारीरिक मानसिक अपरिपक्कताको कारणले उचित संरक्षणको खाँचो पर्छ । वर्तमान सन्दर्भमा शैल्यशिखर नगरपालिका दार्चुलालामा गरिवी,अशिक्षा,दैबी विपत्ति,पारिवारिक दुर्घटना ,अशिक्षा,परम्परागत संस्कार,पारिवारिक विग्रह,बालबालिका विरुद्ध बढीरहेको हिंसा,भेदभाव,लैङ्गीक विभेद,चरम शोषण,दुव्यर्वहार,बालबालिका ओसारपसार लगायतका बढदो घट्नाक्रमले धेरै वालवालिकाले वाल संरक्षणको अधिकार प्राप्त गर्न सकेको छैनन् भने अरु उच्च जोखिममा रहेका छन ।संङ्घीय सरकारको वालवालिका सम्वन्धी ऐन २०७५ आपतकालिन बालउद्धार कोष (संञ्चालन) नियमावली २०६७ लाई आधारमानी शैल्यशिखर नगरपालिकाभित्र जोखिम अवस्थामा रहेका वा रहनसक्ने बालवालिकालाई तत्काल उद्धार गरि बाल अधिकारको संरक्षण,सम्वर्द्धन र सम्मानको लागि आवश्यक व्यवस्था गर्न शैल्यशिखर नगरकार्यपालिकाको मिति २०८२।०१।२५ को बैठकले आपतकालिन वाल उद्धार कोष स्थापना गरी संञ्चालन गर्ने निर्णय गरे बमोजिम शैल्यशिखर नगरपालिकाले आपतकालिन वाल उद्धार कोष संञ्चालन निर्देशिका २०८२ स्वीकृत गरी लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

**(१)** यस निर्देशिकाको नाम आपतकालिन वाल उद्धार कोष(संञ्चालन) निर्देशिका,२०८२ रहेको छ ।

(२) यो कार्यविधि नगरकार्यपालिकाले अनुमोदन गरेको दिन देखी लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) कोष भन्नाले दफा ४ बमोजिम स्थापना भएको आपतकालिन वाल उद्धार कोष सम्झनु पर्छ ।

(ख) समिति भन्नाले नगर बाल अधिकार समिति सम्झनु पर्छ ।

(ग) जोखिम अवस्थामा रहेका वालवालिका भन्नाले देहायका अवस्थामा रहेका वालवालिका सम्झनु पर्छ ।

(१) अनाथ,हराएका वा बेवारिसे अवस्थामा रहेका वालवालिका सम्झनु पर्छ ।

(२)जोखिमपूर्ण श्रममा संलग्न वा ऋणको कारणले बन्धकमा रहेका वा जवरजस्ती श्रमवाट पीडीत भएका वालवालिका ।

(३)शारिरिक वा मानसिक यातना,भेदभाव,दुर्व्यवहारवाट पीडीत भएका वालवालिका

(४)वावु वा आमा कारागार वा हिरासतमा रहेका वा कुनै कसुरसँग सम्वन्धीत रहेका कारणले वेवारिशे वालवालिका ।

(५) योनशोषण,योन दुर्व्यवहार,बेचविखन वा ओसारपसारमा परेका बालबालिका ।

(६)वावुआमा वा अभिभावकवाट दुर्व्यवहारमा परेका,हिंसा भएका कारणले वालवालिकाको उच्चतम हितको लागी परिवारवाट अलग गरिएका वालवालिका ।

(७)अपाङ्गता भएका वालवालिका ।

(८)वावु आमा वा संरक्षक गम्भिर अपाङ्गता वा अशक्तता भएको कारणले उचित हेरचाहा नपाएका वालवालिका ।

(९)वेचविखन तथा ओसारपसार अपहरण वा शरिर बन्धकमा परेका वालवालिका ।

(१०) एच.आई.भी.एड्स संक्रमित भएका वा अन्य कुनै प्रकारले दिर्घ रोगले संक्रमित भएका वा अन्य कुनै प्रकारले दीर्घरोगले ग्रसित वालवालिका ।

(११) लागु औषधको कुलतमा फसेका वालवालिका ।

(१२) गरिवीको दुष्चक्रमा वाँचेका वालवालिका ।

(१३) सडक आश्रित,कुनै दुर्घटना ,मानव सिर्जित वा प्राकृतिक प्रकोप वा दैवी विपतमा परेका वालवालिका ।

(१४) वालवालिका ऐन र नियमावली वा प्रचलित कानुनमा विशेष संरक्षणका आवश्यकता भनिएका वालवालिका ।

(१५) नगर वाल अधिकार समितिले तोकेका अन्य वालवालिका ।

३.आपतकालिन वाल उद्धार कोषको उदेश्यः

(क) जोखिम अवस्थामा रहेका वालवालिकाको उद्धार गर्ने ।

(ख) जोखिम अवस्थामा रहेका वालवालिका राहात उपलब्ध गराउने ।

(ग) जोखिम अवस्थामा रहेका वालवालिकालाई पारिवारिक पुनस्थापना गर्ने ।

(घ) आवश्यक मनोसामाजिक परामर्श तथा स्वास्थ्योपचार उपलव्ध गराउने ।

(ङ) जोखिममा रहेका वालवालिका अत्यावश्यकीय सेवा सुविधा उपलव्ध गराउने ।

(च) जोखिम अवस्थामा रहेका वालवालिकाको संरक्षणको अधिकार सुनसश्चित गर्ने ।

(४) **कोषको स्थापनाः**

(१) जोखिममा रहेका वालवालिकालाई तत्काल उद्धार,सहयोग,राहात,स्वास्थ्योपचार गर्न **आपतकालिन वाल उद्धार कोष** नामको एक कोष स्थापना गरी संञ्चालन गरिने छ ।

(२) कोषमा देहाय बमोजिमको रकमहरु रहनेछ ।

(क) नेपाल सरकार,प्रदेश सरकार र स्थानीय तहवाट प्राप्त रकम ।

(ख) संघ संस्था वा व्यक्तिवाट प्राप्त रकम

(ग) नगर वाल अधिकार समितिले अन्य श्रोत पहिचान र परिचालनवाटप्राप्त रकम

(घ) अन्य श्रोतहरुवाट बैध रुपमा प्राप्त रकम ।

(५) **कोषमा रकम जम्मा गर्न सक्नेः** वालवालिका क्षेत्रमा नेपाल भित्र कार्यरत रही नगरपालिका सँग सहकार्य गर्न चाहने सरकारी तथा गैर सरकारी संघ/ संस्थाहरुले ईच्छाएको रकम कोषमा जम्मा गर्न सक्नेछन ।

(६) **कोषको उपयोगः** कोषको रकम देहायको कामको लागी उपयोग गरिनेछ ।

(क) जोखिम अवस्थामा रहेका वालवालिकाहरुको उद्धार गर्न ।

(ख) जोखिम अवस्थामा रहेका वालवालिकालाई राहात दिन,स्वास्थ्योपचार गर्न तथा पुनस्थापना गर्न ।

(ग) समितिवाट स्वीकृत कार्यक्रम संञ्चालन गर्न ।

(घ) समितिवाट संञ्चालन गरिने कार्यक्रमको अनुगमन गर्न ।

(ङ) वालवालिकाको हक हित सम्वन्धमा समितिले तोके बमोजिम अन्य जोखिम न्युनिकरणका कार्य गर्न र गराउन ।

**(७) कोषको रकम अन्य काममा उपयोग गर्न नसकिनेः**

(१) कोषको रकम दफा ६ मा लेखिए बाहेकको अन्य काममा उपयोग गर्न सकिने छैन ।

**(८) कार्यान्वयन गर्ने समिति र कोषको परिचालनः**

(१) कोषको संञ्चालन तथा खर्च व्यवस्थापन र कार्यान्वयन गर्ने काम नगर वालअधिकार समितिले गर्नेछ ।

(२) आपतकालिन वाल अद्धार कोष दफा २ (ग) बमोजिम जोखिममा रहेका वालवालिकालाई नगर वाल अधिकार समितिको निर्णय अनुसार तत्कालै राहात उपलब्ध गराईनेछ ।

**(९) समितिको काम कर्तव्य र अधिकारः** समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) जोखिम अवस्थामा रहेका वालवालिकाको उद्धार गर्ने,स्वास्थ्योपचार गर्ने,पुर्नरस्थापना गर्ने तथा त्यस्ता वालवालिकालाई राहात दिने सम्वन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने ।

(ख) कुनै वालवालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने ।

(ग) स्वीकृत कार्यक्रमको लागी कोष परिचालन गर्ने वा गराउने ।

(घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्वन्धमा अनुगमन गर्ने ।

(ङ) जोखिम अवस्थामा रहेका वालवालिका सम्वन्धी अध्ययन तथा अनुसन्धान गर्ने / गराउने ।

(च) समितिवाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने ।

(छ) वालवालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने ।

(ज) कोष वृद्धिको लागी स्रोतको परिचालन गर्ने ।

(झ) जोखिममा अवस्थामा रहेका वालवालिका सम्वन्धी अन्य काम गर्ने वा गराउने ।

**(१०) वालवालिकाको उद्धार तथा पुर्नस्थापनाः**

जोखिममा रहेका वालवालिकालाई तुरुन्त उद्धार गरी समितिले अल्पकालिन व्यावस्था मिलाउनेछ । यसरी संरक्षणको व्यवस्था मिलाईएका वालवालिकालाई बढीमा एक महिना भित्र स्थायी पुनस्थापनाको व्यवस्था गरी सक्नुपर्नेछ । यदी कुनै कारणवस एक महिना भित्रमा स्थायी पुर्नस्थापना व्यवस्था मिलाउन नसकिने अवस्थामा समितिले मनासिव देखेमा बढीमा एक महिनासम्म थप राख्न सक्नेछ ।यसरी उद्धार तथा पुर्नस्थापना गर्ने सिलसिलामा समितिले कोषको रकम वाट दफा ११ मा उल्लेखित मापदण्ड असार खर्च गर्ने व्यवस्था मिलाउनेछ ।

(११) **खर्चको मापदण्डः** कोषवाट समितिले जोखिममा परेका वालवालिकालाई दफा १० अनुसार अल्पकालीन अवधीका लागी संरक्षणमा राखिएको अवस्थामा निम्न प्रयोजनमा देहाय अनुसार खर्च गर्ने व्यवस्था मिलाईने छ ।

(क) **खानेकुराः** वालवालिकालाई अल्पकालिन संरक्षणमा वसेको अवधी भरी खानेकुराको लागी दैनीक रु ३००। का दरले ।

(ख) **लुगाफाटोः** वालवालिकालाई लुगाफाटो नभएको वा उपयुक्त नभएको अवस्था भएमा लुगाफाटो किन्न एक पटकलाई रु २५००। सम्म।

(ग) **सम्प्रेषणः** वालवालिकाहरुको पुनःस्थापनाको लागि घर पठाउँदा वा परिवारमा पुनःस्थापनाको सम्भावना नभई वालगृह वा अन्यत्र पठाउँदा संरक्षण समेतको मितव्ययी सवारीसाधन प्रयोग गर्नुपर्ने छ ।उक्त सवारीसाधनको भाडा र एकदिन पुगिनेमा खाना र खाजा खर्च वाफत प्रतिव्यक्ति रु ५००। र वास वस्नु पर्ने भएमा थप १०००। गाडी भाडा नियमानुसार भुक्तानि गर्न सकिनेछ ।

(घ) **औषधी उपचारः** वालवालिकालाई कुनै चोटपटक लागेको अवस्थामा समितिले तोकेको वा सरकारी अस्पतालमा उपचार गराउदा (कुरुवा तथा विरामीको समेत जोडेर) निम्न अनुसारको मापदण्ड प्रयोग गरिनेछ ।

(१) जिल्ला वाहिरका अस्पताल वसी उपचार गराउदा दोहोरो यातायात खर्च र स्वास्थ्य परिक्षण तथा औषधी खर्च वाफत रु ५०००।

(१) अस्पतालमै भर्ना भई उपचार गराउदाको अवस्थामा दोहोरो यातायात खर्च स्वास्थ्य परिक्षण तथा औषधी खर्चका अतिरिक्त ५ दिन सम्म खाने खर्च वाफत विरामी र १

जना कुरुवाको लागी प्रति व्यक्ती प्रति दिन रु १०००। का दरले सार्वजनिक यातायातको साधन मितव्ययी रुपमा प्रयोग गर्नु पर्नेछ रिजर्व गर्न पाईने छैन ।

(ङ) **जीविकोपार्जन टेवाः** वेवारिसे अलपत्र अवस्थामा फेला परेका वा आमावावु नभएका असाहय तथा अनाथ वालवालिकालाई परिवार भित्रका नातेदार ( जस्तैः काका, काकी, फुपु,सानीआमा, मामा, माईजु) ले आफ्नो आर्थिक अवस्था नाजुक हुदाँहुदै पनि आफ्नो संरक्षणमा राख्न चाहेमा वा मन्जुर गरेमा अनीहरुको वीविकोपार्जनमा मद्त पुर्याउनको लागि समितिवाट निर्णय गरी वढीमा रु २५०००। एकमुष्ट अनुदान उपलब्ध गराउन सकिनेछ तर त्यसरी अनुदान प्राप्त गर्ने व्याक्ति वा परिवारले सो रकमवाट कुनै व्यावसाय संञ्चालन गरी आफ्नो संरक्षणमा राखेको बालबालिकालाई खाने बस्ने व्यवस्था सहित उसको अमेर,आर्थिक अवस्था र क्षमता अनुसार शिक्षा दिक्षाको प्रबन्ध मिलाउन चित्त वुझ्दो लिखित प्रतिवद्धता समितिमा पेश गर्नु पर्छ सो अनुसार भए नभएको वारे समितिले निरन्तर अनुगमन हुनेछ ।

(च) **विशेष निर्णय गर्न सक्नेः** यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनी अपाङ्गता भएका,एच.आई.भी .संक्रमित,वा अन्य कुनै दीर्घ रोगी वा कडारोग लागेका विषेश अवस्थामा जोखिममा परेका बालवालिकाको हकमा उद्धार,पुर्नस्थापना र पारिवारिक पुनर्मिलनका लागी समितिले अवस्था हेरी कोषको अवस्था अनुसार विषेश व्यवस्था गर्न सक्नेछ ।

(१२) **समितिको बैठक र निर्णयः**

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति,समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठक वस्नुभन्दा कम्तीमा चौविस घण्टा अगावै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सवै सदस्यलाई दिनुपर्नेछ।

(४) समितिको दुई तिहाई सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठक अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफू मध्येवाट छानेको जेष्ठ सदस्यले गर्नेछ।

(६) समितिको बैठकमा  बहुमतको राय मान्य हुनेछ र मत बरावर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राख्नेछ।

(८) समितिको बैठक सम्वन्धी अन्य कार्यविधी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(९) जोखिममा रहेका वालवालिकाको आकस्मीक सहयोग,उद्धार तथा पुनर्स्थापना गर्नुपर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा खर्च गर्न सक्नेछन तर सो खर्च रकम समितिको बैठकवाट अनुमोदन गर्नुपर्नेछ।

(२) **कोषको लेखा र लेखा परीक्षणः**

(१) कोषको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरिक्षण रजिष्टर्ड लेखा परिक्षकवाट हुनेछ ।

**(१५) रकम फ्रिज नहुनेः** कोषको रकम खर्च नभई आर्थिक बर्षको अन्तमा बाकी रहेमा त्यस्तो रकम फ्रीज हुने छैन ।

**(१६) प्रतिवेदन पेश गर्नेः**

(१) समितिले आफूले गरेको कार्यको अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन समितिले सार्वजनिक गर्न सक्नेछ ।

**(१७) कोषको सचिवालयः** कोषको सचिवालय नगर र वाल अधिकार समितिको सचिवालयमा रहने छ ।

**(१८) अभिलेख राख्नेः** समितिले आफूले गरेको काम कार्वाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

**(१९) निर्देशन दिन सक्नेः**

(१) नगरपालिकाले बाल अधिकार समितिलाई काम कारवाहीको सम्वन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ

(२०) **अधिकार प्रत्योजनः** समितिले यस निर्देशिका बमोजिम आफूलाई प्राप्त भएका अधिकारहरुमध्ये आवश्यकता अनुसार केहि अधिकार समितिका सदस्य वा सदस्य सचिवलाई प्रत्योजन गर्न सक्नेछ ।

**(२१) कोष खारेज हुनसक्नेः**

(१) कुनै कारणबश कोष संञ्चालन गर्न आवश्यकता नदेखिएको ठहर गरेमा नगर बाल अधिकार समितिले खारेज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोष खारेज भएमा कोषमा रहेको रकम नगरपालिकामा स्वतःस्थानान्तरण हुनेछ ।

**(२२) बाधा अड्काउ फूकाउनेः** यस कोषको प्रयोग कार्यान्वयन तथा संञ्चालन गर्ने कार्यमा कुनै बाधा अड्काउ परेमा नगर वाल अधिकार समितिले बाधा अड्काउ फुकाउनेछ ।

**(२२) निर्देशिकाको संशोधनः** यस निर्देशिकाको संशोधन गर्न आवश्यक देखिएको खण्डमा नगरकार्यपालिकाले संशोधन गर्न नगरसभालाई सिफारिश गर्न सक्नेछ ।

आज्ञालेः

सुरेन्द्रवहादुर विष्ट

प्रमुख प्रशासकीय अधिकृत